# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

फोन : ०७१-५४०११२, ५४००३५

E-mail: info@butwalmun.gov.np


**बुटवल उपमहानगरपालिका वडा नं. २ स्थित घाटगद्दी गरिएको नदीजन्य पदार्थ आय ठेक्का सम्बन्धी**

**बोलपत्र आव्हानको सूचना**

**आय ठेक्का नं. ४/०८१/०८२**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८१।११।१९**

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ (क)**, यस उपमहानगरपालिकाको आर्थिक ऐन, २०८१, प्रकृतिक श्रोत व्यवस्थापन ऐन, २०८१ र आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी नियमावली २०७४ बमोजिम तपसिलमा उल्लेखित तीन स्थानमा रहेको तपसिल बमोजिमको परिमाणमको नदीजन्य पदार्थ, निर्धारित मापदण्ड बमोजिम बिक्रीको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ मा कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही रीत पूर्वकको बिद्युतीय माध्यम (e-Bidding) बाट पेश गर्ने गरी सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१) बोलपत्रदाताले फर्म नवीकरण भएको दर्ता प्रमाण पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, नागरिकताको प्रमाण पत्र,आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी बोलपत्र फारम दस्तुर रु. ३,०००। (तीन हजार) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य वैंक, खस्यौली शाखा कार्यालयमा रहेको यस कार्यालयको खाता नं. ३१२०१००३०१०१०००२ मा ठेक्का नं. उल्लेख गरी जम्मा गरेको बैंक भौचर संलग्न गरी विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यलयको वेभसाइट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड गर्न सक्ने व्यवस्था गरिएको छ ।

२) बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेकोमा अक्षरलाई मान्यता दिइनेछ ।

३) बोलपत्रदाताले कबुल गरेको अंकमा मु.अ.कर समेत जोडी हुन आउने रकमको ५ प्रतिशत धरौटी रकम राष्ट्रिय बाणिज्य वैंक, खस्यौली शाखा कार्यालयमा रहेको यस कार्यालयको खाता नं. ३१२०५००३०३०००००२ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र वैंकबाट क वर्गको इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड बोलपत्र साथ संलान गरी पेश गर्नु पर्नेछ ।

४) प्रि विड वैठक मिति २०८१।१२।४ गते दिनको १:०० बजे बुटवल उपमहानगरपालिकाको कार्यालयमा हुनेछ । उक्त दिन विदा परेमा सो बैठक भोलिपल्ट सोही समयमा हुनेछ ।

५) बोलपत्रदाताले रीतपूर्वक बोलपत्र फारम भरी मिति २०८१/१२/२० गते दिनको १२:०० बजे भित्र यस पेश गरिसक्नु पर्नेछ । सोही दिनको २ बजे बोलपत्रदाता वा प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

मित्रमणी स्वनाल
प्रमुख प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही

फोन : ०७१-५४०११२, ५४००३५

E-mail: info@butwalmun.gov.np

६) बोलपत्र पेश गर्ने अन्तिम दिन वा बोलपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो को लगत्तै पछि कार्यालय खोलेको दिन उल्लेखित कार्य हुनेछ ।

७) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र मु.क.कर प्रमाण पत्र समेत लिई कबोल गरेको अंकको शत प्रतिशत (नगद, वैंक भौचर सहित) रकम अनिवार्य रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ । साथै आफूले कबोल गरेको अंकको १३ प्रतिशत मु.अ. कर यस कार्यालयको पान नं.२०१३००५८७ रजशव शीर्षक नं. ३३३१७ मा जम्मा गरी सो को सक्कल भौचर र १.५ प्रतिशत अग्रिम आयकर आन्तरिक राजशव कार्यालयमा दाखिला गरेको भैचर समेत यस कार्यालयमा बुझाउनु पर्नेछ ।

८) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुंदा सोही फारमबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९) बोलपत्र दाताले बोलपत्र खरिद कार्य वा ठेक्का प्रक्रियामा भाग लिन नपाउने गरी रोक लागेको वा कालो सूचीमा परी अयोग्य भएको छैन भनी स्वघोषणा गर्नु पर्नेछ ।

## तपसिल

| सि.नं. | ठेक्का नं. | संकलन/उत्खनन् गरिने घाटको नाम | उत्खनन् गर्न सकिने परिमाण (घन फुट) | न्यूनतम कवोल रकम (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४/२०८१/०८२ | बुटवल उपमहानगरपालिका वडा नं. २ का तीन स्थानमा रहेको एकमुष्ठ नदीजन्य पदार्थ | २,९१,६६६.९६ | ५२,५०,००५।२८ | |

मित्रमणी खनाल
प्रमुख प्रशासकीय अधिकृत